# बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाहको प्रगति प्रतिवेदन

*मिति २०८१।११।२८ गते*

## १. कुल बजेट तथा खर्चको विवरण

**क) क्षेत्र/उपक्षेत्रगत रुपमा खर्च विवरण (रु हजारमा):**

| अवधी : २०८१/०४/०१-२०८१/११/२७ | | | | |
|---|---|---|---|---|
| **क्र.सं** | **क्षेत्र/उपक्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
| १ | आर्थिक विकास | ४,९०,९७ | ४,९०,९७ | १९.२ |
| २ | सामाजिक विकास | ४१,२४,७१ | २४,०६,९६ | ५८.३५ |
| ३ | पूर्वाधार विकास | १३,४१,९० | ५,४८,५३ | ४०.८८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,८७,२६ | ५३,७७ | १८.७२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,२६,१३ | ५,१७,७८ | ४२.२३ |
| कुल जम्मा | | ७४,७०,९८ | ३६,२१,३५ | ४८.४७ |

**ख) चालु तथा पूँजीगत खर्चको विवरण (रु हजारमा)**

| कुल बजेट | चालु (%) | पूँजीगत (%) |
|---|---|---|
| ७४,७०,९८ | ५४.६१ | ३२.६७ |

**ग) सामाजिक सुरक्षा तथा संरक्षण तर्फ खर्चको अवस्था (रु हजारमा)**

| कुल बजेट | खर्च (निकासा) | खर्च (%) |
|---|---|---|
| १४४७५२ | ७७१०० | ५३.२६ |

## २. राजस्व संकलन

| क्र.स | राजस्व शिर्षक/विवरण | संकलित रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | भुमिकर / मालपोत | १९,७९,४८०.८० | |
| २ | व्यवसाय कर | ६०,८००.०० | |
| ३ | सम्पत्ति कर | २३,२८,१६६.२७ | |
| ४ | सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्क | २९,३६,१६०.०० | |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | १,५२,९००.०० | |
| ६ | अन्य राजश्व | २,७४,८८०.०० | |
| ७ | अन्य सेवा शुल्क तथा बिक्री | ५,५००.०० | |

| | | | |
|---|---|---|---|
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ९,१९०.०४ | |
| ९ | घर-जग्गा बहाल कर | २३,०३,८५६.३२ | |
| १० | जलश्रोत सम्बन्धी अन्य दस्तुर | ४,९९,४४०.०० | |
| ११ | दण्ड जरिवाना तथा जफत | १,०३,२३०.०० | |
| १२ | दहत्तर वहत्तर शुल्क | १३,६३,९४५.२० | |
| १३ | नक्सापास दस्तुर | १,७०,७५१.०० | |
| १४ | न्यायिक दस्तुर | २,७५०.०० | |
| १५ | नाता प्रमाणित दस्तुर | १,०७,२५०.०० | |
| १६ | प्रदुषण नियन्त्रण शुल्क | १३,४२,४३०.०० | |
| १७ | बहाल बिटौरी कर | २१,६१,९२४.०० | |
| १८ | भुमि तथा मालपोत कर | १,४५०.०० | |
| १९ | व्यक्तिगत घटना दर्ता | ४,२९,३००.०० | |
| २० | व्यवसाय कर | ११,२६,६४९.०० | |
| २१ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९,०००.०० | |
| २२ | विज्ञापन कर | २,४३,९७६.०० | |
| २३ | विधुत सेवा शुल्क | २,५५०.०० | |
| २४ | शिक्षा क्षेत्रको आम्दानी | १,२९,४७५.०० | |
| २५ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २,०१,७१०.०० | |
| २६ | सवारी साधन | १,१८,०००.०० | |
| २७ | सिफारिस | २९,५३,१२९.८२ | |
| जम्मा | | २,१०,१७,८९३.४५ | |

- नगरपालिका क्षेत्रमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि ठेक्का लगाईएको ।
- नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कवाडि कर र विज्ञापन कर उठाउन ठेक्का लगाईएको ।
- दहत्तर बहत्तर शुल्क उठाउन ठेक्का लगाईएको ।

## ३. पूर्वाधार विकास

### क) सडक तर्फ:

| क्र.स. | योजनाको नाम | विनियोजीत रकम (रु) | सम्झौता रकम (रु) | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेनी लभ्लिहिल ज्यामरुकोट सडक स्तरोन्नति | २५ लाख | २०१७७०६.९८ | निर्माण कार्य सम्पन्न भएको। | |
| २ | अर्थुङ्गे पुलाचौर सडक स्तरोन्नति | ८२ लाख | ६२६७८३८.८८ | ३०% निर्माण कार्य सम्पन्न भएको र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निर्माणको चरणमा रहेको। | |
| ३ | माहारानीथान छाप डाँडाखेत सडक स्तरोन्नति | १ करोड | ७५९७४५२.८७ | 30% निर्माण कार्य सम्पन्न भएको र निर्माणको चरणमा रहेको। | |
| ४ | बेनी अर्थुङ्गे तोरीपानी पात्लेखेत सडक | ३ करोड | २०९२४८१०.९३ | ८५% निर्माण कार्य सम्पन्न भएको र निर्माणको चरणमा रहेको। | |
| ५ | कालिपुल कृषि भवन निर्माण | ३० लाख ५० हजार | २६५००००.०० | निर्माण कार्य सम्पन्न भएको। | |
| ६ | म्याग्दी जिल्ला बेनी न पा रत्नेचौर परम वैदिक सनातन धार्मिक आश्रम र परम वैदिक धार्मिक सनातन आश्रममा श्रीलक्षमीहरि मन्दिर पूर्वाधार बेनी न पा १ योजना । | ८२ लाख ५० हजार | ५९८८१७०.३४ | ५०% निर्माण कार्य सम्पन्न भएको र निर्माणको चरणमा रहेको। | |
| ७ | गलेश्वर बजार सौन्दर्यीकरण बेनपा ९ | ३० लाख | २४३६५७१.५४ | ठेक्का सम्झौता भइ कार्यान्वयन को चरणमा रहेको । | |
| ८ | पशु बधशाला निर्माण | ४० लाख | | ठेक्का सम्झौता को लागि पत्राचार गरिएको । | |
| ९ | बेनी पुलाचौर सडक मर्मत सडक बोर्ड | ७२ लाख | | ठेक्काको सुचना प्रकाशन गरिएको । | |
| १० | वडा कार्यालय कोठा थप तथा व्यवस्थापन बेनपा ७ | २१ लाख | | ठेक्काको सुचना प्रकाशन गरिएको । | |
| ११ | म्याग्दी जिल्ला बेनी न.पा कालीगण्डकी स्वच्छता कार्यक्रम अनुसारको आवश्यक पूर्वाधार निर्माण | ७३ लाख | | ठेक्काको सुचना प्रकाशन गरिएको । | |
| १२ | बेनी खुल्ला मञ्च | २५ लाख | | ठेक्काको सुचना प्रकाशन गरिएको । | |

**ख) शहरी विकास तथा भवन निर्माण तर्फ**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नयाँ भवनको नक्सा पास अनुमति | ८ | |
| २ | पुराना भवनहरू अभिलेखीकरण | ६ | |
| ३ | नयाँ भवन निर्माण सम्पन्न प्रमाणपत्र | ० | |
| **जम्मा** | | **१४** | |

**ग) ढुङ्गा गिट्टी बालुवा :**

- हाल सम्म ४ वटा बगरहरूको ठेक्का सम्झौता गरिएको ।
- ५ वटा बगरहरूको पुन e-GP मार्फत ठेक्का प्रकृया अगाडि बढाइएको ।

**घ) वडा स्तरीय योजनाहरूको विवरण :**

| वडा नं. | सम्पन्न योजना संख्या | सम्झौता योजना संख्या | सम्झौता हुन बाँकी | जम्मा योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३ | ३९ | ० | ३९ | |
| २ | २४ | ४० | ० | ४० | |
| ३ | ५ | १७ | ४ | २१ | |
| ४ | १८ | ३६ | ० | ३६ | |
| ५ | १३ | ३४ | ३ | ३७ | |
| ६ | ६ | २३ | ७ | ३० | |
| ७ | ९ | ९ | १० | १९ | |
| ८ | ७ | १३ | ४ | १७ | |
| ९ | २२ | २५ | ५ | ३० | |
| १० | ८ | ९ | १५ | २४ | |
| **जम्मा** | **१२५** | **२४५** | **४८** | **२९३** | |

**ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरूको विवरण :**

| क्र.स. | सम्पन्न योजना संख्या | सम्झौता योजना संख्या | सम्झौता हुन बाँकी | जम्मा योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | ७ | २ | ९ | नेपाल सरकार |
| २ | ० | ० | १२ | १२ | IDA |

- कार्यस्थलमा आधारित तालिमको लागि आर्थिक तथा प्राविधिक मुल्याँङ्कन मार्फत सेवा प्रदायक छनौट गरि आशयको सूचना प्रकाशन गरिएको ।

## ४. योजना शाखा

- हाल सम्म योजना शाखा बाट सम्झौता भएका योजना संख्या- १९
  (योजना शाखा बाट सम्झौता हुने जम्मा योजना संख्या-३५ मा १२ ओटा ठेक्का प्रक्रियामा)
- हालसम्म भुक्तानिको लागि सिफारिस गरिएका योजना संख्या-१०४
- वडा नं. १,२,३,४,५,९ र १० मा उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको।

## ५. शिक्षा, युवा तथा खेलकुद

- बेनी शैक्षिक बुलेटिन प्रकाशन गरिएको।
- बेनी नगरपालिकाको पाँच वर्षे नगर शिक्षा योजना निर्माण भै कार्यपालिकाबाट स्वीकृत भई नगरपालिकाको वेबसाइटमा प्रकाशन भएको।
- कक्षा ६ को स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न भई कक्षा १-६ को स्थानीय पाठ्यपुस्तक छपाई गर्नको लागि विद्धुतिय बोलपत्र आह्वानको सुचना प्रकाशन गरिएको।
- राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा आधारभूत तह (१-५) चित्रकला प्रतियोगिता, आधारभूत तह (६-८) हाजिरीजवाफ प्रतियोगिता र माध्यमिक तह तह (९-१२) वक्तृत्वकला प्रतियोगिता सञ्चालन तथा शैक्षिक सत्र २०८० को एस. इ. इ. र कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षामा उत्कृष्ठ जि. पि. ए. ल्याउने सामुदायिक र संस्थागत गरी ८ जना विद्यार्थी पुरस्कृत गरिएको।
- दिवाखाजा अनुदान निकासा गरिएको।
- शिक्षक कर्मचारी बाल विकास शिक्षक सामुदायिक परिचालक आयको तेस्रो त्रैमासिक तलव भत्ता निकासा गरी मासिक तलब भत्ता निकासाको प्रयत्न गरिएको।
- शिक्षक सहयोग अनुदान कोटा निर्धारण तथा वितरण माध्यमिक तह (कक्षा ९-१०) मा ११ वटा र आधारभूत तह (कक्षा ६-) मा ७ वटा।
- बैठक संख्या :-
  - प्र अ बैठक:- ५ पटक
  - शिक्षा समिति बैठक:- ७ पटक
- विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापनको लागि विद्यालय छनोट गरिएको।
- सामुदायिक विद्यालयहरुको आ.व. २०८०/०८१ को अन्तिम लेखा परीक्षणको लागि लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण कार्य सम्पन्न गरिएको।
- विद्यालय समायोजन, दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि २०८१ निर्माण भई कार्यपालिकाबाट स्वीकृत भएको।
- हामी गर्न सक्छौ (We Can, We Do) कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८१ निर्माण भई कार्यपालिकाबाट स्वीकृत भएको।
- स्थायी नियुक्ति तथा पदस्थापन :-
  - १ जना माध्यमिक शिक्षक
  - ४ जना निम्न माध्यमिक तहमा स्थायी शिक्षक

- नगरपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ्शील्ड प्रतियोगिता मंसिर ४ देखि ८ गतेसम्म भव्य रुपमा सम्पन्न भएको ।
- बेनी नगरपालिका भित्र अध्ययन गर्ने विद्यार्थीहरुका लागि गणित विज्ञान अध्ययन लक्षित छात्रवृत्ति ८ जना र विपन्न दलित जेहन्दार छात्रवृत्ति १९ जना लाई विद्यार्थीको बैङ्क खाता मार्फत प्रदान गरिएको ।
- कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड वितरण तथा व्यवस्थापनका लागि इ-टेन्डर गरी खरीद प्रकृया अगाडि बढाइएको ।
- नगरपालिका स्तरीय दोस्रो त्रैमासिक परीक्षका लागि विषयगत शिक्षक समिति बैठक बसी प्रश्नपत्र निर्माण गरी दोस्रो त्रैमासिक परीक्षा सम्पन्न गरिएको ।
- मिति २०८१ माघ २८ र २९ मा भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ्शील्ड प्रतियोगितामा सक्रिय सहभागी भई द्धितिय स्थान प्राप्त गरेको ।
- विपन्न लक्षित छात्रवृत्ति (PMT) विद्यार्थीको खातामा उपलब्ध गराइएको ।
- मिति २०८१/१२/०३ गते देखि सञ्चालन हुन लागेको बेनी नगरपालिका स्तरीय बार्षिक परीक्षा २०८१ को लागि विषयगत समिति मार्फत प्रश्नपत्र निर्माण कार्यशाला गरिएको ।
- आधारभूत तह कक्षा ८ को नगरपालिका स्तरीय परीक्षाको लागि प्रश्नपत्र निर्माण तथा छपाई, उत्तरपुस्तिका छपाई, केन्द्राध्यक्ष खटाउने लगायतका कार्य भएको ।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान) तर्फ रु २९८३७१००० बजेट मध्ये हालसम्म रु१९६६३३२०५ खर्च भै ६५.९% खर्च भएको छ ।
- नगरपालिका तर्फ शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत कुल बजेट रु २३५९५००० मध्ये हालसम्म रु १००९२३२० खर्च भई ४२.७७% खर्च भएको छ ।

## ६. स्वास्थ्य सेवा

- बेनी नगरपालिका वडा नं १ रत्नेचौर, भकिम्ली स्वास्थ्य चौकी, ज्यामरुककोट स्वास्थ्य चौकी र बे.न.पा-६ वडा कार्यालयमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ टोली द्वारा महिलाहरूका लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर जाँच शिविर तथा आङ्ग खस्ने समस्याको उपचार कार्यक्रम सम्पन्न गरियो।उक्त शिविरमा ४७२ जना महिलाहरूको पाठेघरको मुखको क्यान्सरको जाँच र ४१ जनाको आंङ्ग खस्ने समस्याको उपचार गरियो।पाठेघरको मुखको क्यान्सरको जाँच गरेका ४७२ जना मध्ये २३ जना बिरामीकोलाई पाठेघरको मुखको क्यान्सर शङ्कास्पद देखिएको र थप उपचारको लागी प्रेषण गरिएको। १५० जना महिलाको पाठेघरको सङ्क्रमण, १५ जना बिरामीको पाठेघरको मुखमा मासु पलाएको मध्ये ४ जनाको मासु निकालिएको थियो।
- कारागार कार्यालय म्याग्दीमा रहेका ९४ जना कैदीबन्दीहरुको छयरोग परीक्षण सँगै एकीकृत स्वास्थ्य जाँच गरियो।
- पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप अभियान २०८१ अन्तर्गत कक्षा ६ देखि १० कक्षा सम्म अध्ययनरत १८३९ जना किशोरीहरू र विद्यालय बाहिरका १० देखि १४ वर्षका १६ जना गरी जम्मा १८५५ जना किशोरीहरूलाई HPV खोप लगाई अभियान सम्पन्न गरेको।
- किशोरी आइरन कार्यक्रम अन्तर्गत ११ देखि १९ उमेर समूहका विद्यालयमा अध्ययनरत २४८१ किशोरीहरूलाई आइरन चक्की खुवाइएको।

- बेनी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट १००० दिनका आमाहरूका लागि पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो।
- प्रादेशिक स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखरा र बेनी नगरपालिकाको आयोजनामा बे.न.पा-९ घतानमा नसर्ने रोग सम्बन्धी बृहत स्वास्थ्य शिविर सञ्चालन गरी ३४५ लाभान्वित गरियो।
- घुम्ती ग्रामीण अल्ट्रासाउन्ड सेवा कार्यक्रम अन्तर्गत १०० जना गर्भवती लाई अल्ट्रासाउन्ड सेवा प्रदान गरी छ जस मध्ये जटिलता पत्ता लगाई २ जनालाई प्रेषण गरिएको छ।
- ज्येष्ठ नागरिक घरभेट कार्यक्रम अन्तर्गत मासिक औसत ११०० जना ज्येष्ठ नागरिकलाई प्रत्येक महिना स्वास्थ्य सेवा प्रदान गरियो।
- नसर्ने रोगको प्रारम्भिक पहिचान कार्यक्रम अन्तर्गत ४० वर्ष माथिका नागरिकको हरेक महिना स्वास्थ्य संस्थामै नि:शुल्क नसर्ने रोगको परीक्षण गर्दै आएका छौ यस आ.व को दोस्रो चौमासिकमा ११५५ सेवाग्राहीको रक्तचाप, ९३४ जना सुगर र १५० जनाको BMI जाँच गरी आवश्यक उपचार र परामर्श सेवा प्रदान गरियो।
- विपन्न नागरिक औषधी उपचारका लागि १२ कडा रोग भएका व्यक्तिलाई उपचार सहुलियतका लागि सिफारिस गरियो जसमा मुटु रोगी-२ जना, क्यान्सर रोग लागेका-६ जना, मृगौला रोग लागेका -२ जना, मेरुदण्डको चोट लागेका-१ जना, र टाउकाको चोट १ जना)
- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्डको पक्षघात भएका ६८ जना बिरामीलाई मासिक ५००० का दरले प्रदान गरिने औषधी उपचार बापतको दोस्रो त्रैमासिकको रकम उपलब्ध गराइयो।
- स्वास्थ्य शिक्षा तथा प्रवर्धन अन्तर्गत विद्यालय र विद्यार्थी लक्षित ४२ वटा, समुदायमा १३६ वटा स्वास्थ्य शिक्षाका कार्यक्रम सञ्चालन गरियो ।
- सुत्केरी जाँच अन्तर्गत ९३ जना सुत्केरीलाई २ पटक घरभेट गरी प्रोटोकल अनुसार सुत्केरी जाँच गरिएको।
- बेनी नगरपालिका विपन्न नागरिक नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ बमोजिम १७७ जना लाभग्राहीहरूको को प्रत्येक वडाबाट स्वास्थ्य बिमा दर्ता प्रक्रिया अगाडी बढाइएको।
- आधारभूत स्वास्थ्य सेवाका लागि नि:शुल्क रूपमा वितरणका लागि ई विडिङ्ग मार्फत औषधी खरिद गरिएको।
- स्वास्थ्य संस्थाका लागि आवश्यक मसलन्द तथा गुणस्तर सुधारका सामाग्री खरिद गरी वितरण गरिएको।

## ७. कृषि विकास

- संघीय ससर्त अनुदान मार्फत हस्तान्तरित खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा १०४० के. जि. गहुँको उन्नत बीउ वितरण गरिएको ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ससर्त अनुदान मार्फत आ.व. २०८१/०८२ मा नयाँ केरा पकेट विकास कार्यक्रम र नयाँ किवी पकेट विकास कार्यक्रम सञ्चालनका लागि आवेदन संकलन गरि वडा नं ३ मा किवि पकेट कार्यक्रम संचालन भैरहेको र वडा नं ९ केरा पकेट स्थापना कार्यक्रमला लागि अनुगमन कार्य सम्पन्न गरिएको ।
- आई.पि.एम कृषक पाठशाला सञ्चालनका लागि आई.पि.एम कृषक सहजकर्ताहरू छनौट गरि नियमानुसार सम्झौता गरि हाल वडा नं १,२,३,४,५,६,९ वडामा सञ्चालन भईरहेको ।

- बेनी नगरपालिकाको वडा नं ४,५ र ६ मा माटो जाँच शिविर तथा अभिमुखिकरण कार्यक्रम मार्फत करिब २०० वटा माटोको नमुना जाँच गरि कार्यक्रम सम्पन्न गरिएको ।
- वडा नं ५ मा ५० % अनुदानमा उन्नत जातको २९०० के.जी आलुको बीउ खरिद गरि वितरण गरिएको ।
- संघीय ससर्त अनुदान मार्फत हस्तान्तरित खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा १८० के. जि. मकैँको उन्नत बीउ वितरण गरिएको ।
- बेनी नगरपालिकाको वडा नं ३,४ र ९ मा कृषकहरुलाई सुन्तला फलफुल बगैँचा व्यवस्थापन सम्बन्धी एक-एक दिने तालिम सञ्चालन गरि सम्पन्न गरिएको ।
- मकैबाली प्रर्वद्धन कार्यक्रम सञ्चालनको लागि आवेदन संकलन गरी फिल्ड निरिक्षण कार्य सम्पन्न भएको।

## ८. पशु सेवा

- हालसम्म ५६८ कृषकका १९५९८ पशुपंक्षी हरुमा विभिन्न उपचार सेवा तथा निः शुल्क औषधि वितरण गरिएको छ ।
- ४५ गाई र १०७ भैँसी गरी जम्मा १५२ पशुहरुमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ ।
- उत्पादनमा आधारित प्रोत्साहन कार्यक्र का लागि सूचना प्रकाशन गरि आवेदन संकलन गरिएको छ जहाँ बाख्रापालन तर्फ ३० वटा र गाइभैँसी तर्फ १९ वटा फर्महरुको आवेदन प्राप्त भएकोमा अनुगमन कार्य समेत सम्पन्न गरि भुक्तानी प्रक्रियामा रहेको छ ।
- आहारा विकास कार्यक्रम अन्तरगत १९०० के.जी. जै घाँस ३७३ जना कृषकहरुमा वितरण गरिएको छ ।
- उत्पादनमा आधारित अनुदान (संसोधन सहित) र कुकुर दर्ता सम्बन्धी कार्यविधि तयार गरिएको छ ।
- माछाका भुरा बितरणका लागि माग संकलन गरि बितरणको तयारी गरिएको छ ।
- बर्ष घाँस (सुडान र बाजरा) को बीउ वितरणका लागि खरिद प्रक्रिया अगाडी बढाईएको छ ।

## ९. प्रशासन

- बेनी नगरपालिका क्षेत्रभित्र टेम्पो, अटोरिक्सा, ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हाल सम्म ९ वटा तीन पाङ्ग्रे सवारी सञ्चालनमा रहेकोमा थप १० वटा थप गरी सञ्चालनमा ल्याउने निर्णय भई दर्ता प्रक्रिया अगाडि बढेको छ ।
- खानेपानी तथा जलस्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम हाल सम्म जम्मा ४१ वटा खानेपानी उपभोक्ता संस्थाहरु सञ्चालनमा छन् ।
- बेनी नगर कार्यपालिकाको कार्यालयमा हाल सम्म जम्मा ५६ वटा निर्माण व्यवसायीलाई घ वर्गको इजाजत दिइएको छ ।
- बेनी नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुको सेवा करार सम्झौता थप गर्ने गरी सम्झौताको कार्य सम्पन्न भएको छ ।

## १०. विपद् व्यवस्थापन

- मनसुनजन्य विपदबाट घर पूर्ण क्षति भई "मनसुनजन्य विपद् प्रभावित आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" बमोजिम निजी आवास पुनर्निर्माण तर्फको लाभग्राही कायम भएका ३९ लाभग्राहीहरु मध्ये ३३ लाभग्राहीले दोस्रो किस्ता प्राप्त गरेका छन् भने तेस्रो किस्ताका लागि प्रक्रिया अगाडि बढेको छ ।

- २०८१ सालको मनसुनजन्य विपदबाट घर क्षति भएका विपद् पीडितलाई "मनसुनजन्य विपद् प्रभावित आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७७" बमोजिम निजी आवास पुनर्निर्माण तर्फको लाभग्राही कायम गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा पठाइएको छ।

## ११. महिला तथा बालबालिका

- अपाङ्गता समन्वय समितिको बैठक नियमित बस्ने गरेको छ।
- किशोर किशोरी लक्षित कानुनी साक्षरता, आत्मरक्षा तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न ( बेनी नगरपालिका स्थित ७ र ८ नं. वडामा रहेका सामुदायिक तथा निजि विद्यालयका छात्राहरुलाई समेटेर बेनी सामुदायिक माध्यामिक विद्यालय, लिटल गार्डेन र म्याग्दी बहुमुखी क्याम्पस गरी जम्मा ३ वटा विद्यालयमा सम्पन्न भएको छ।
- प्रतिवेदन र प्रस्तावना लेखन तालिम नगरका १० वटै वडाका आमा समुहको २ जनाका दरले प्रतिनिधी, वडा सचिवहरु र शाखा प्रमुखका साथै अन्य कर्मचारी लगायतको सहभागितामा सम्पन्न भएको छ।
- दिवसीय कार्यक्रम अन्तर्गत निम्न कार्यक्रम सम्पन्न भएका छन।
- राष्टिय बाल दिवश 2081 को अबसरमा माध्यमिक विद्यालय स्तरीय कविता वाचन प्रतियोगिता संचानल गरेको।
- कृष्णगण्डकी ज्येष्ठ नागरिक सेवा केन्द्र संग समन्वय गरि ज्येष्ठ नागरिक दिवस मनाइएको थियो।
- अपाङ्ग संघ बेनी म्याग्दीको समन्वयमा अपाङ्गता दिवश मनाइएको थियो।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम नगरपालिकाको आयोजना र सरोकारवाला निकायहरुको समन्वयमा मिति: २०८१/८/१० गते जिल्लास्थित सरोकारवाला निकायहरुको समन्वयमा प्रभातफेरी र असल अभ्यास साझा गर्ने कार्यक्रम रहेको थियो भने समापन बे.न.पा. १ रत्नेचौरमा अन्तरक्रिया कार्यक्रम गरी दिवस मनाइएको थियो।
- ११५ औ अन्तराष्ट्रिय महिला दिवस नगरपालिकाको आयोजना र सरोकारवाला निकायहरुको समन्वयमा प्रभातफेरी कार्यक्रमका साथै खुला लोकगित प्रतियोगिता संचालन  गरेको थियो
- २० दिने लोकसेवा तयारी कक्षा संचालन कार्यक्रम सम्पन्न गरिएको। यस कार्यक्रमबाट बेनी नगरपालिका अन्तरगतका ३० जना सहभागीहरु प्रत्यक्ष लाभान्वित भएका छन्।
- आमा समुह संग उपमेयर कार्यक्रम वडा नं. १ र ५ का आमा समुह संग सम्झौता गरी कार्यान्वयनको चरणमा रहेको छ।

## १२. प्रधानमन्त्री रोजगार कार्यक्रम

- वडाहरूमा रोजगार उपभोक्ता समिति गठन गर्न सहजीकण गरिएको।
- रोजगार आयोजना क्षेत्र अनुगमन, नापजाँच तथा निरीक्षण गरी  रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा आयोजनाहरू प्रविष्ट गरिएको।
- रोजगारीमा खटिने बेरोजगार व्यक्तिको लागि आवश्यक सुरक्षा सामग्री खरिद गरि आयोजना सञ्चालित वडाहरूमा तोकिएको सूचिकृत बेरोजगारलाई वितरण गरिएको।

- बैदेशिक रोजगारीमा जान चाहने २० जना (हालसम्म ५०जना ) व्यक्तिहरुको पुन: श्रम स्वीकृतिका लागि सहजिकरण गरिएको । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनको लागि सूचना प्रवाह गरिएको । साथै समाजिक सुरक्षा कोषको बारेमा आवश्यक सहजीकण गरिएको ।
- कार्यस्थलमा आधारित तालिमको लागि आर्थिक तथा प्राविधिक मूल्याङ्कन मार्फत सेवा प्रदायक छनौट गरी छनौट आशयको सूचना प्रकाशन गरिएको ।
- आ.व. २०८२/८३ को लागि बेरोजगारहरूको तथ्याङ्क संकलनका गर्न लागि सूचना प्रकाशन र बेरोजगार दर्ता निवेदन फाराम अनुसुची १ बमोजिम छपाई वडाहरूमा वितरण गरिएको ।
- सञ्चालित योजनाहरुमा अनुगमन तथा कार्यस्थलमा आधारित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- वैदेशिक रोजगार सन्तती छात्रवृत्तीको लागि वैदेशिक रोजगार वोर्डमा १७ जना विद्यार्थीको नाम सिफारिस गरिएको । साथै FEWMIS सिस्टमबाट अनलाई इन्ट्रि गरिएको ।
- सिप विकास तालिम केन्द्र पर्वतको सूचना अनुसार प्लम्बिङ र मन्टेश्वरी फाराम संकलनमा सहजीकरण गरिएको तथा तालिमको फारम भर्न आवश्यक सहयोग गरिएको ।

## १३. सुरक्षित आप्रवासी (सामि) कार्यक्रम

- ३४२१ जना व्यक्तिलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गरिएको ।
- म्याग्दी जिल्लाभर वैदेशिक रोजगारीमा ठगी सम्बन्धी ११ जनाको गुनासो सम्बोधनको प्रकृयामा रहेको, मृत्यू भएको व्यक्तिको शव ल्याउन सहजीकरण गरी २ जनाको समस्या समाधान भएको, अलपत्र तथा समस्यामा परेका ३ व्यक्तिको जना उद्दार गरेको र स्वास्थ्य समस्यामा परेको व्यक्तिको उपचारमा सहजिकरण १ जनाको प्रकृयामा रहेको छ ।
- साउदीमा मृत्यु भएको परिवारलाई सामाजिक सुरक्षा कोष (गोसी) को सुविधा रकम प्राप्त गर्ने प्रकृयामा सहजीकरण गरी २ जना को रकम प्राप्त भएको । जसमा १८,१०,००० एक परिवारलाई र १२,७६,००० अर्को परिवारलाई प्राप्त भएको छ ।
- वैदेशिक रोजगारीमा ठगीमा परेकाको ६०००० रकम फिर्ता गराउन सहजीकरण गरेको ।
- मृतकको परिवारलाई आर्थिक सहायता बापत ३ जनाको ५१,००,००० रकम प्राप्त गरेको ।
- एक पटक श्रम गरि विदेश गएका व्यक्तिको सान्तवना राहत वापत २५००० रकम प्राप्त गर्न सहजिकरण गरिएको ।

## १४. व्यक्तिगत घटना दर्ता

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | |
| १ | १७ | २५ | ४२ | १० | ५ | १५ | ५ | २३ | ३ | ११ | १ | १ | ८९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ३२ | २० | ५२ | १० | ७ | १७ | २ | १७ | १ | ४ | ८ | १७ | ९७ |
| ३ | २५ | १७ | ४२ | १३ | १० | २३ | ५ | २४ | | | ९ | २९ | १०३ |
| ४ | २१ | २४ | ४५ | ९ | ३ | १२ | २ | २२ | ५ | २० | ७ | १९ | ९३ |
| ५ | २१ | १६ | ३७ | ११ | १० | २१ | ४ | १५ | | | १० | ३० | ८७ |
| ६ | २१ | १६ | ३७ | ८ | ६ | १४ | ५ | १७ | ५ | १५ | | | ७८ |
| ७ | ४ | ४ | ८ | २ | १ | ३ | २ | ८ | ९ | ३५ | १ | १ | ३१ |
| ८ | ४ | ४ | ८ | २ | २ | ४ | १ | ६ | ५ | १५ | १ | ९ | २५ |
| ९ | ३९ | २७ | ६६ | ९ | ७ | १६ | १० | ३२ | ६ | १५ | ५ | १४ | १३५ |
| १० | २० | १३ | ३३ | ६ | १० | १६ | ४ | ९ | | | २ | २ | ६४ |
| जम्मा | २०४ | १६६ | ३७० | ८० | ६१ | १४१ | ४० | १७३ | ३४ | ११५ | ४४ | १२२ | ८०२ |

## १५. सामाजिक सुरक्षा

| क्र.सं. | वर्ग | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | वितरित संख्या | खर्च रकम | वितरित संख्या | खर्च रकम | संख्या | खर्च |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | २३२६ | २७४४६७५२ | २३२६ | २७७५०५५७ | ४६५२ | ५५१९७३०९ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ३३९ | २६६५३२० | ३४४ | २७२१००३ | ६८३ | ५३८६३२३ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २२० | १७५२९४० | २१८ | १७३४३२० | ४३८ | ३४८७२६० |
| ४ | विधवा | ४७२ | ३७२४००० | ४८१ | ३७९०५०० | ९५३ | ७५१४५०० |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ५२ | ६०३७४५ | ५१ | ६१०४७० | १०३ | १२१४२१५ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २३० | १४४०६५६ | २३० | १४६८३२० | ४६० | २९०८९७६ |
| ७ | दलित बालबालिका | ४४१ | ६७११४२ | ४५८ | ७०११२२ | ८९९ | १३७२२६४ |
| जम्मा | | ४०८० | ३८३०४५५५ | ४१०८ | ३८७७६२९२ | ८१८८ | ७७०८०८४७ |

## १६. सहकारी

- सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली ( Co-operative and Poverty-related Management Information System - COPOMIS) कोपोमिस तालिम संचालनको चरणमा रहेको ।

## १७. न्यायिक समिति

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | आ.व. २०८०।८१ बाट जिम्मेवारी सरेका उजुरी | ६ | |
| २ | नयाँ दर्ता भएका उजुरी | ९ | |
| ३ | जम्मा उजुरी | १६ | |
| ४ | हाल सम्म फछ्यौट भएका उजुरी | १३ | |
| ५ | प्रक्रियामा रहेका उजुरी | ३ | |

| क्र.स. | उजुरीको विस्तृत विवरण | जम्मा | किनारा लागेको | | प्रकृयामा रहेको |
|---|---|---|---|---|---|
| | | | मिलापत्र भएको | निर्णय भएको | |
| १. | घरयासी झै-झगडा सम्बन्धी विवाद | ३ | ० | २ | १ |
| २. | घर बहाल सम्बन्धी विवाद | २ | १ | १ | ० |
| ३. | सामान्य लेनदेन सम्बन्धी विवाद | १ | ० | ० | १ |
| ४. | घरजग्गा सम्बन्धी विवाद | २ | २ | ० | ० |
| ५. | अन्य विवाद | ८ | ५ | २ | १ |
| ६. | जम्मा | १६ | ८ | ५ | ३ |

## १८. मेडपा कार्यक्रम

- उद्यम विकाश समितीको बैठक बसि कार्य क्षेत्र र नयाँ सिप तालिमको बारेमा स्थानीय स्तरमा पाईने केराको रेशा बाट धागो बनाउने वा फेशन डिजाईन सम्बन्धी तालिम संचालन गर्ने निर्णय गरिएको ।
- स्तरउन्नतीको लागी बेनी नगरपालिकामा संचालन भएको सपिङ्ग ब्याग लाई थप सहयोग गर्ने निर्णय भएको।
- सपिङ्ग ब्याग तथा लेडिज ब्याग सिलाई तालिम सम्पन्न भएको ।
- बेनी नगरपालिका वडा नं. २ मा केराको फाईवर बाट धागो बनाउनको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- बेनी नगरपालिका वडा नं. २ मा उद्यमशिलता तालिम सम्पन्न भएको ।

## १९. नगर प्रहरी मार्फत् भएका कार्यहरु:

- सामग्रीहरु लिएर बेचबिखनका लागि आउने जिपहरु चेकजाँच गरी म्याद गुज्रिएका सामग्रीहरु नियन्त्रण गरिएको।
- बेनी नगरपालिका, वडा नं. ९, गलेश्वर स्थित राम मन्दिरमा लागेको आगोलागी नियन्त्रण गरिएको ।
- बेनी नगरपालिका, वडा नं. ७, बाल मन्दिर चोक स्थित खान श्रृङ्गारको आगोलागी नियन्त्रण गरिएको ।
- जडिबुटी लगायत सिलाजित जन्य नक्कली औषधी जफत गरिएको ।

- विभिन्न ठाउँबाट आएका लावारिसे बालबालिकाहरुको रेखदेख लगायत उचित व्यवस्थाका लागि पहल गरिएको ।
- अन्य व्यक्तिको जग्गामा रहेका रुखविरुवाका कारण आफ्नो घर तथा जग्गामा क्षति पुगी आवश्यक व्यवस्थापनका लागि निवेदन पेश गरेका निवेदन उपर बुझी आवश्यकता अनुसार रुख कटान गर्ने कार्यहरु भएका छन्।
- बेनी बजार क्षेत्रका सामुदायिक कुकुरहरु नियन्त्रण तथा व्यवस्थापनका कार्यहरु भएका छन् ।
- बेनी नगरपालिकाको निर्णयानुसार बेनी क्षेत्रभित्र निषेधित गरिएको चुरोट, हुक्काको सम्बन्धमा अनुगमन गर्ने कार्यहरु हुँदै आएको छ।
- बेनी नगर कार्यपालिकाको कार्यालयको २४ सैँ घण्टा रेखदेखको कार्य भएको छ ।
- यस आ.व. को हाल सम्मको अवधीमा जरिवाना स्वरुप देहायको रकम संकलन कार्य भएको छ:
    - अवैध तरिकाबाट गिट्टी, वालुवा उत्खनन गरे बापत् रु २०,०००
    - पटके कर बापत् रु ४८०००

## २०. वडागत कार्यहरुको विवरण

| क्र. सं. | विषयहरु | वडाहरु | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | योजना (पूँजिगत) | ३९ | ४० | २१ | ३६ | ३७ | २३ | १३ | २० | ३० | २४ | २८३ |
| २ | कार्यक्रम (चालु) | ४ | ४ | १२ | १८ | ४ | १२ | ९ | १३ | ६ | ६ | ८८ |
| ३ | सम्पन्न योजना | १३ | २१ | ५ | १८ | १३ | ८ | १० | ७ | २५ | ८ | १२८ |
| ४ | सम्पन्न कार्यक्रम | ० | ० | ० | २ | ३ | ७ | २ | ४ | २ | १ | २१ |
| ५ | जन्मदर्ता | ४३ | २७ | ४३ | ४५ | १३ | २२ | ८ | ८ | ६६ | ३३ | ३०८ |
| ६ | विवाह दर्ता | २५ | १३ | २४ | २२ | ९ | १० | ८ | ६ | ३२ | १० | १५९ |
| ७ | वसाईसराई दर्ता | ४ | ५ | ९ | १२ | ४ | ३ | १० | ६ | २९ | २ | ८४ |
| ८ | सम्बन्ध विच्छेद दर्ता | ६ | ० | ८ | २ | १ | २ | २ | १ | १० | ४ | ३६ |
| ९ | मृत्यु दर्ता | १७ | १० | २३ | १२ | १४ | ९ | ३ | ४ | १६ | ११ | ११९ |
| १० | घरबाटो सिफारिस | २८६ | ९ | १० | १९ | ५ | ६ | २० | १५ | ६२ | १६ | ४४८ |
| ११ | चारकिल्ला सिफारिस | २५ | २२ | ८ | ६६ | १४ | २६ | ५४ | ४७ | ६७ | २१ | ३५० |
| १२ | नाता प्रमाणित सिफारिस | ३० | ७ | ५४ | ३९ | ११ | ३२ | १० | २९ | ३९ | ४२ | २९३ |
| १३ | नागरिकता सिफारिस | ७९ | ७२ | ४० | १५२ | ८४ | ३४७ | ५४ | १७ | २३९ | ४५ | ११२९ |
| १४ | सर्जमिन मुचुल्का | १० | ६ | २० | १० | ३ | ६६ | ८ | १५ | १ | १२ | १५१ |
| १५ | अन्य विविध सिफारिस | ६०८ | २२३ | ६०० | ८३० | ३३२ | ७०७ | ४६० | ३५४ | ६१० | ४८३ | ५२०७ |
| १६ | चिठ्ठीपत्र दर्ता | ९४ | १७ | ७०० | ४९७ | १८ | ७० | ५७४ | ८३ | ७४ | ४२ | २१६९ |
| १७ | चिठ्ठीपत्र चलानी | ७८० | ३३३ | ७८० | ११०६ | ४४९ | ७७१ | ५९८ | ४६२ | १३१० | ६१९ | ७२०८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | सम्पत्ति/भूमिकर रु | ४८४४५ | ८४६० | ० | २७४७३ | ० | १,८५,०५० | १०,३५,३५० | १८६४६०२ | ८८८९३८ | ० | २८३७९१८ |
| १९ | उजुरी संख्या | १ | १ | ० | ४ | ५ | ० | ० | ० | १ | १ | १३ |
| २० | फछ्र्यौट संख्या | १ | १ | ० | ४ | ० | ० | ० | ० | १ | १ | ८ |

## बेनी नगरपालिकाको अवस्था विश्लेषण

**क) सबल पक्षहरु:**

- अधिकांश योजना तथा कार्यक्रमको कार्यान्वयन वडा कार्यालयहरुबाट हुने गरी मिलाइएको । पाँच लाख सम्म लागत अनुमान भएका आयोजना तथा कार्यक्रमको सम्झौता तथा अनुगमन/निरीक्षणको जिम्मेवारी वडा कार्यालय र वडास्तरीय अनुगमन समितिलाई दिइएको ।
- नेपाल सरकारले तय गरेका मूल्यांकन प्रणालीहरु: LISA, FRA एवम् कार्य सम्पादन मापनमा बेनी नगरपालिका देशमा नै अग्रस्थानमा रहेको ।
- नगरको विकासका सबालमा राजनीतिक सहमती कायम हुने गरेको ।
- बेनी नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा कर्मचारी व्यवस्था पर्याप्त रहेको ।
- बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुको भौतिक वातावरणमा सुधार गरिएको ।
- विकास निर्माण क्रियाकलापमा जनसहभागिता अभिवृद्धि भएको ।
- विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वास्थ्य तथा असल जीवनयापनका लागि नगरक्षेत्रभित्र हुक्का सेवन बन्द गरिएको, दुग्ध डेरीहरुमा धुम्रपान बन्देज गरिएको । इजाजत नलिएका पसलहरुमा चुरोट, खैनी, सूर्ती बिक्रीमा रोक लगाइएको ।

**ख) सीमाहरु:**

- सीमित साधनस्रोतले असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने ।
- स-साना आयोजना तथा कार्यक्रमले प्राथमिकता पाउने गरेको ।
- उपभोक्ता समितिहरुबाट अपेक्षित रुपमा कार्यसम्पादन हुन नसकेको ।
- उपभोक्ता समितिहरुमा सार्वजानिक खरिद कानूनको परिपालनाको स्तर कमजोर रहेको ।
- कर्मचारीहरुलाई उच्च सीपयुक्त तथा क्षमतायुक्त बनाउन नसकिएको ।
- बजेट निर्माण प्रक्रियामा वडास्तरमा स्रोतसाधन भागवण्डा गर्नु परिरहेको ।
- विकासको प्राथमिकता भौतिक विकास (विशेषत: सडक) तर्फ हुने गरेको ।
- नगरपालिकाको आन्तरिक आय तुलनात्मक रुपमा न्यून रहेको ।
- समयमा खोलाहरु ठेक्का नलाग्दा राजश्व संकलन अपेक्षित रुपमा हुन नसकेको,

**ग) अवसरहरु:**

- प्राकृतिक स्रोतको प्रचुर उपलब्धता।
- धार्मिक तथा पर्यटकीय क्षेत्रले भरिएको।
- कालिगण्डकी तथा म्याग्दी नदीको उपलब्धता।
- विकासप्रेमी जनप्रतिनिधि।
- विवादरहित नगर सभा तथा कार्यपालिका बैठक।
- अझैसम्म आर्थिक रुपले सक्रिय जनशक्तिको उपलब्धता।
- कृषि, पशु व्यवसाय, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको भरपूर सम्भावना।

**घ) चुनौतीहरु:**

- सबै वडाहरुमा सन्तुलित विकास गर्नु। (सर्वपक्षीय विकास र दिगो विकास)
- वडातहमा सुविधाजनक सडक पुर्याउनु।
- बजेटको आकार र आन्तरिक स्रोत अभिवृद्धि गर्नु।
- सार्वजानिक खरिद तथा निर्माण प्रक्रियालाई पारदर्शी, मितव्यायी बनाउनु।
- नगरपालिकाको फोहोर व्यवस्थापन प्रभावकारी बनाउनु।
- प्रशासन संयन्त्रलाई सबल, सक्षम, सूचना प्रविधिमैत्री, क्षमता र पारदर्शी बनाउनु।
- जनअपेक्षा र जनगुनासोको शिघ्र सम्बोधन गर्नु।
- बेनी बजारको घना बस्तीलाई व्यवस्थापन गर्नु।
- संघ र प्रदेश सँगको सम्बन्ध र समन्वयलाई प्रभावकारी बनाई कार्यसम्पादनका क्रममा देखिने दोहोरोपना हटाउनु।